एडीबी
समाचार
नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

माघ, २०६१

# एडीबीका उपाध्यक्षद्वारा नेपाल भ्रमण



संवाद : एडीबीका उपाध्यक्ष (अपरेसन १) लिक्युन जीन नेपालका प्रधानमन्त्री शेरबहादुर देउवासँग विकास तथा गरिबी निवारणका मुद्दाहरूमा छलफल गर्दै ।

एसियाली विकास बैंक (एडीबी) का उपाध्यक्ष (अपरेसन १) लिक्युन जीनले राजनीतिक अस्थिरता र द्वन्दले नेपालका विकास कार्यक्रम तथा संरचनात्मक सुधारमा वढ्दो रुपमा अवरोध खडा गर्‍यो । श्री ५ को सरकारसँग परामर्शका लागि वि.सं. २०६१ साल मंसिर २९ देखि पुस २ गतेसम्मको नेपाल भ्रमणका अवसरमा उपाध्यक्ष जीनले उक्त कुरा बताउनुभएको हो ।

'नेपालको द्वन्द्व र खस्कँदो सुरक्षा स्थितिप्रति एडीबी चिन्तित छ', उपाध्यक्ष जीनले भन्नुभयो, 'आर्थिक वृद्धि र गरिबी निवारणलाई दीगो राख्नमा सबभन्दा चुनौतिपूर्ण अवरोध यही हो ।' यस्ता कठिनाई हुँदाहुँदै पनि द्वन्द्वको शान्तिपूर्ण निकासप्रति सकारात्मक धारणा व्यक्त गर्दै उहाँले भन्नुभयो, 'विपक्षी राजनीतिक दलहरूसँग समझदारी कायम हुनुका साथै द्वन्द्वको शान्तिपूर्ण समाधान छिट्टै हासिल हुनेछ भन्नेमा एडीबी आशा गर्दछ ।'

प्रधानमन्त्री शेरबहादुर देउवासँगको भेटका अवसरमा उपाध्यक्ष जीनले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादी सँग शान्ति वार्ताको थालनी तथा संसदीय निर्वाचन गराउने सरकारका प्राथमिक एजेन्डाहरूप्रति एडीबीको समर्थन र सहयोग रहेको बताउनुभयो ।

'नेकपा (माओवादी) सँग शान्ति वार्ता सुरु गर्ने सरकारको पछिल्लो प्रयास र अस्थायीरुपमा आक्रमण स्थगित गर्ने सरकारी नीतिको एडीबी प्रशंसा गर्छ', उहाँले भन्नुभयो, 'यो प्रयास दीगो रहने र द्वन्द्वको स्थायी समाधानका लागि छिट्टै शान्ति वार्ता थालनी हुने छ भनेर हामी आशा गर्छौं ।'

उपाध्यक्ष जीनले नेपालले सामना गरिररहेका विकास चुनौतिहरूबारे नागरिक समाज तथा निजी क्षेत्रका समूहहरूसँगको परामर्श गर्नुभयो । हाल नेपाल कठिन समयबाट गुज्रिरहेको भए पनि यो संकटले चुनौति र अवसर दुवै ल्याएको उहाँले बताउनुभयो । 'सरकारले मौकाको सदुपयोग गरेर उच्च आर्थिक वृद्धि तथा दीगो गरिबी निवारणका लागि अत्यावश्यक सुधार कार्यहरू थालनी गर्नुपर्नेछ', उपाध्यक्ष जीनले भन्नुभयो, 'सरकारका सुधार कार्यक्रमहरूप्रति एडीबी उत्साहित छ र यी सुधार प्रयासहरूमा सरकारलाई सहयोग गर्न एडीबी सदा प्रतिबद्ध रहनेछ ।'

नेपाल भ्रमणका क्रममा उपाध्यक्ष जीनले अर्थमन्त्री भरतमोहन अधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा, मुख्य सचिव डा. बिमलप्रसाद कोइराला, अर्थ सचिव भानुप्रसाद आचार्य, बरिष्ठ सरकारी अधिकारीहरू, अन्य विकास साझेदारहरू, नागरिक समाजका सदस्यहरू तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँग भेट्नुभएको थियो । ■

## यस अंकमा...

- सन् २००४ लाई फर्केर हेर्दा २
- सञ्चारकर्मीलाई तालिम ४
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४

# सन् २००४ लाई फर्केर हेर्दा

सन् २००४ मा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । काम-कारबाहीका सम्बन्धमा एडीबीले नेपाललाई उपलब्ध गराएको ऋण सहायता सन् २००३ को ९ करोड ६० लाख अमेरिकी डलरका तुलनामा सन् २००४ मा ११ करोड डलर पुगेको छ ।

स्थानीय समुदाय, नागरिक समाजका विज्ञहरू, बौद्धिक व्यक्तिहरू, निजी क्षेत्र तथा अन्य विकास साझेदारहरूसँग वर्षभर विभिन्न चरणमा भएका वृहत्त परामर्शपछि नेपाल आवासीय नियोगले नेपालका लागि नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रम तर्जुमा गरेको छ । वि.सं. २०६१ साल असोज २१ गते स्वीकृत भएको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रमले आगामी तीनदेखि पाँच वर्षसम्म नेपालमा एडीबीका काम-कारबाहीहरूलाई निर्देशित गर्नेछ ।

राष्ट्रिय रणनीति तथा कार्यक्रम तर्जुमाका क्रममा नेपाल आवासीय नियोगले सञ्चालन गरेका विभिन्न परामर्श तथा क्षेत्रगत र अवधारणागत अध्ययनहरूले नेपाली समाजमा लामो समयदेखि जरो गाडेर बसेका भौगोलिक, आर्थिक, सामाजिक, लैङ्गिक तथा जातीय असमानताहरूलाई द्वन्द्वको प्रमुख कारणका रुपमा प्रकाश पारेका छन् । नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रमले नेपालको विकास सम्भाव्यतामा द्वन्द्वलाई मुख्य अवरोधका रुपमा पहिचान गर्नुका साथै यसका प्रमुख कारणहरूलाई सम्बोधन गर्ने उपायहरू औंल्याएको छ । त्यसैले, राष्ट्रिय रणनीति तथा कार्यक्रमले गरिब समुदायका आवश्यकताहरू पूर्ति गर्न नेपालमा एडीबीको भावी सहायतालाई बढी समावेशी तथा परिणाममुखी तुल्याउने उद्देश्य लिएको छ ।

## ऋण सम्झौतामा हस्ताक्षर

श्री ५ को सरकार र एसियाली विकास बैंकबीच वि.सं. २०६१ साल पुस ८ गते विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजनाका लागि सम्झौतामा हस्ताक्षर भएको थियो । एडीबीका तर्फबाट नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान र श्री ५ को सरकारका तर्फबाट अर्थ सचिव भानुप्रसाद आचार्यले सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । आयोजनाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा विकास हस्तक्षेपहरूमा ग्रामीण समुदायको सहभागितालाई प्रबर्द्धन गर्नेछ । ■

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट २०६० साल माघ महिनामा एडीबीको सहायताप्राप्त कालीगण्डकी 'ए' जलविद्युत् आयोजना समुद्घाटन गरिबक्सेको थियो । जापान सरकारको सह-वित्तमा निर्मित यो आयोजना नेपालको सबभन्दा ठूलो जलविद्युत् केन्द्र हो । वार्षिक ८ सय ४२ गेगावाट ऊर्जा शक्ति उत्पादन गर्ने यसको क्षमता रहेको छ ।

सन् २००४ मा एडीबी प्रधान कार्यालयबाट धेरै उच्चस्तरीय प्रतिनिधिमण्डलहरू नेपाल भ्रमणका निम्ति आएका थिए, जसले वर्तमान समस्याको घडीमा नेपालको विकासप्रति एडीबीको गम्भीर चासो प्रतिविम्बित गर्छ । सन् २००४ को प्रारम्भमा एडीबीको दक्षिण एसिया विभाग (सार्ड) का तत्कालिन महानिर्देशक योशिहिरो इवासाकी नेपाल भ्रमणमा आउनुभएको थियो भने त्यसपछि जुलाई महिनामा एडीबी सञ्चालक समितिका सदस्यहरू, अक्टोबरमा सार्डका वर्तमान महानिर्देशक कुनियो सेन्गा र सन् २००४ नोभेम्बरमा एडीबीका उपाध्यक्ष (अपरेसन १) लिक्युन जीन नेपाल भ्रमणमा आउनुभएको थियो । सबै उच्च अधिकारीहरूले नेपालको विकास तथा गरिबी निवारणका प्रयासहरूमा एडीबीको सहायता जारी रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सन् २००४ मा एडीबीले महिला सशक्तिकरणका लागि लैङ्गिक समानता आयोजना, विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजना, उपक्षेत्रीय




यातायात सहजीकरण आयोजना, सामुदायिक सिंचाइ कृषि क्षेत्र आयोजना र रोजगारका लागि सीप आयोजनातर्फ कुल ११ करोड अमेरिकी डलर बराबर पाँचवटा ऋण स्वीकृत गरेको थियो ।

महिला सशक्तिकरणका लागि लैङ्गिक समानता आयोजनाले गरिब ग्रामीण महिलाहरूको सामाजिक-आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्य लिएको छ । यसका लागि महिलाहरूलाई पुँजीमा पहुँच र नियन्त्रण राख्न सक्षम तुल्याउनुका साथै संस्थाहरूलाई जवाफदेही बनाउन व्यक्तिगत र सामूहिक कार्यका लागि समूह सहायताको विकास गर्ने तथा सरकारी निकाय र प्रक्रियाहरूलाई लैङ्गिकरुपमा सम्वेदनशील तुल्याएर विगतमा उपेक्षित अवस्थामा रहेका महिलाहरूलाई विकासका अवसरहरूमा संलग्न गराइनेछ । यो आयोजना आर्थिक, सामाजिक, कानूनी तथा राजनीतिक सशक्तिकरणका प्रक्रियाहरूमा केन्द्रित रहेको छ । यसले ग्रामीण नेपालका केही गरिब तथा अत्यन्त दुर्गम समुदायलाई समेट्दै १५ जिल्लाका ८० वटा गाउँ विकास समितिमा बसोबास गर्ने घर-परिवारलाई लाभान्वित तुल्याउनेछ ।

विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजनाले गरिबी निवारणतर्फ लक्षित प्रभावहरूलाई सुनिश्चित तुल्याउन र सामाजिक एकता अभिवृद्धि गर्न योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा विकास कार्यहरूमा ग्रामीण समुदायको सहभागितालाई प्रबर्द्धन गर्नेछ । आयोजनाले राष्ट्रिय रणनीति तथा कार्यक्रमअनुरुप जीविकोपार्जनका अवसरहरू सिर्जना गर्नुका साथै द्वन्द्वबाट प्रभावित पश्चिम, मध्य-पश्चिम तथा सुदूर-पश्चिम क्षेत्रका गरिब र दुर्गम समुदायहरूमा ग्रामीण पूर्वाधार विकास गरेर गरिबी निवारणमा सघाउ पुऱ्याउनेछ । यसले सडक, गोरेटो बाटो, झोलुङ्गे पुललगायतका सुदृढ ग्रामीण यातायात पूर्वाधारको सञ्जाललाई विस्तार गर्नेछ । आयोजनाले स्थानीय गैर-सरकारी संस्थाहरूद्वारा प्रत्येक जिल्लामा सञ्चालन गरिने सामाजिक परिचालन कार्यक्रमका माध्यमबाट गरीबहरूको आयआर्जन र जीविकोपार्जनलाई समेत पुनर्स्थापित गर्नेछ ।



रोजगार : महिला सशक्तिकरणका लागि लैङ्गिक समानता आयोजनाले गरिब ग्रामीण महिलाहरूको सामाजिक-आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्य लिएको छ ।

उप-क्षेत्रीय यातायात सहजीकरण आयोजनाले यातायात सुविधामा सुधार ल्याउनुका साथै व्यापार व्यवस्थापनको दक्षता र प्रभावकारिता वृद्धि गरेर नेपालको अर्थतन्त्रलाई दक्षिण एसियाली उप-क्षेत्रमा आबद्ध गराउन मद्दत गर्नेछ । यस आयोजनाले वीरगञ्ज र भैरहवाजस्ता प्रमुख नाकाहरूमा सडक निर्माण र मर्मतसम्भार गर्नेछ । नेपालको पूर्वी सीमा काँकडभिट्टामा करिब साढे ७ हेक्टर क्षेत्रफलको सुख्खा बन्दरगाहसमेत निर्माण गरिनेछ । देशका सबै प्रमुख भन्सार नाकाहरूमा सामान छुटाउने प्रक्रियालाई सरल तुल्याउन 'कार्गो क्लियरेन्स प्रणाली' तथा 'वृहत्त क्षेत्र सञ्जाल प्रणाली' को विकास गरिनेछ ।

छिमेकी मुलुकहरूका तुलनामा नेपालको कृषि उत्पादकत्व अत्यन्तै न्यून रहेकाले यसमा सुधार ल्याउनु यहाँका प्रमुख चुनौतिहरूमध्ये एक हो । सामुदायिक सिंचाइ कृषि क्षेत्र आयोजनाले मध्यमाञ्चल तथा पूर्वाञ्चल विकास क्षेत्रमा हाल कृषकहरूद्वारा व्यवस्थापन गरिएको सिंचाइ प्रणालीको न्यून उत्पादकत्व र गरिबीको समस्या सुल्झाउँदै त्यसको कृषि उत्पादकत्व र स्थायित्वमा सुधार ल्याएर ग्रामीण परिवारहरूको जीविकोपार्जन अभिवृद्धि गर्नेछ । यस आयोजनाले ३४ हजार हेक्टर क्षेत्रफल ओगट्ने करिब २ सय १० वटा कृषकहरूद्वारा व्यवस्थापन गरिएका सिंचाइ प्रणालीहरूको मर्मतसम्भार गरेर २ लाख ७० हजारभन्दा बढी गरिब महिला तथा पुरूषहरूको जीविकोपार्जनमा सुधार ल्याउनेछ ।

रोजगारका लागि सीप आयोजनाले नयाँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिअनुरुप खासगरी महिला, दलित तथा फाइदाबाट वञ्चित समुदायहरूलाई बजारमुखी, अल्पकालीन तालिम दिने क्षमता सुदृढीकरण गरेर श्री ५ को सरकारको दशौं योजनाका लक्ष्यहरू हासिल गर्नमा सहयोग पुऱ्याउनेछ । आयोजनाले महिला तथा कथित तल्लो जातका दलितहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न र अवसरहरू हासिल गर्नमा सहयोग पुऱ्याउन बजारमुखी सीपमूलक तालिम सञ्चालनका लागि अनुदान दिनेछ । कम पढेका तथा दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूलाई सामुदायिक तालिम दिइनेछ ।

| सन् २००४ मा स्वीकृत ऋणहरू | स्वीकृत मिति | अमेरिकी डलर, हजारमा |
|---|---|---|
| विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन | २०६१ असोज ८ | ४०.०० |
| उप-क्षेत्रीय यातायात सहजीकरण | २०६१ कात्तिक १९ | २०.०० |
| सामुदायिक सिंचाइ कृषि क्षेत्र | २०६१ मंसिर २ | २०.०० |
| रोजगारका लागि सीप | २०६१ मंसिर १० | २०.०० |
| महिला सशक्तिकरणका लागि लैङ्गिक समानता | २०६१ पुस २ | १०.०० |
| **कुल** | | **११०.००** |

| सन् २००४ मा स्वीकृत प्राविधिक सहायता | स्वीकृत मिति | अमेरिकी डलर, हजारमा |
|---|---|---|
| शैक्षिक विकास नीति रणनीतिको तयारी | २०६० चैत ३० | २००.०० |
| यातायात सम्पर्क क्षेत्र | २०६० चैत २२ | ६००.०० |
| गरिबमुखी तथा लैङ्गिक-सम्वेदनशील सेवाको प्रबर्द्धन | २०६१ असार २३ | २००.०० |
| ग्रामीण पूर्वाधारमा क्षमता अभिवृद्धि | २०६१ असोज ८ | ४००.०० |
| राष्ट्रिय पुनर्वास नीति संरचना | २०६१ कात्तिक १२ | १५०.०० |
| राष्ट्रिय लेखाप्रणाली सुदृढीकरण | २०६१ मंसिर १८ | ३५०.०० |
| काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन सहायता (थप) | २०६० पुस २८ | १००.०० |
| शैक्षिक विकास नीति रणनीति (थप) | २०६१ असोज २९ | ५०.०० |
| ग्रामीण विद्युतिकरण तथा नवीकरणीय ऊर्जा | २०६१ पुस २ | ६००.०० |
| नेपाल विद्युत् प्राधिकरणको पुनर्संरचना | २०६१ पुस ३ | ४००.०० |
| **कुल** | | **३,०५०.००** |

२०६१ साल पुस १६ (सन् २००४ डिसेम्बर ३१) सम्म नेपालमा एडीबीको सार्वजनिक क्षेत्र कर्जा २ अर्ब २० करोड अमेरिकी डलर पुगेको छ । एक सय नौवटा ऋणका लागि यो सहायता उपलब्ध भएको हो । सन् १९६८ यता एडीबीले नेपाललाई कुल ११ करोड १६ लाख डलरबराबरका २ सय ४४ वटा प्राविधिक सहायता अनुदान प्रदान गरेको छ । नेपालमा एडीबीका काम-कारवाहीहरू सन् १९६९ देखि सुरु भएको हो । पहिलोपटक एडीबीले हवाई यातायात विकासका लागि सार्वजनिक क्षेत्रमा ६० लाख डलरको सहुलियतपूर्ण ऋण उपलब्ध गराएको थियो । ■

## एकरूपता

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले नेपाललाई प्रदान गरिने सहयोगको समन्वय तथा प्रभावकारितामा सुधार ल्याउन बहुपक्षीय तथा द्विपक्षीय दातृ निकायहरूसँग नियमितरुपमा समन्वय कार्यक्रम सञ्चालन गरिरहेको छ ।

सन् २००४ मा एडीबीले संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) र जर्मन प्राविधिक सहयोग नियोग (जीटीजेड) सँग छुट्टाछुट्टै समन्वय कार्य योजनामा तयार गरेको थियो । सरकारको निश्चित विकास उद्देश्य तथा उपलब्धिहरूका लागि कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा रणनीतिक एकता र सामञ्जस्यता हासिल गर्ने उपायहरूको खोजी गर्न एडीबीले विश्व बैंकसँग मिलेर सहयोग एकरुपतासम्बन्धी दुईवटा कार्यक्रम पनि गरेको थियो । सन् २००४ डिसेम्बरमा एडीबी र विकास तथा समन्वयका लागि स्वीस नियोगबीच साझा चासोका क्षेत्रहरूमा एकरुपता कायम गर्ने सम्भावनाहरूको खोजी गर्न छलफल भएको थियो । ■



**समीक्षा** : एडीबी तथा जीटीजेडका कर्मचारीहरू संयुक्त कार्य योजनामा प्रस्तावित कार्यहरूको कार्यान्वयनमा हासिल भएका प्रगतिहरु समीक्षा गर्दै ।

# सञ्चारकर्मीलाई तालिम




**समाचार संकलनमा : नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान (दायाँ) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का आवासीय प्रतिनिधि सुखविन्दर सिंह (बीचमा) पत्रकारहरूका लागि आयोजित पूर्वाधार तथा विकाससम्बन्धी तालिम कार्यक्रममा छलफल गर्दै ।**

नेपाल आवासीय नियोगले पत्रकारहरूका लागि पूर्वाधार तथा विकास मुद्दासम्बन्धी तालिम गोष्ठी आयोजना गरेको थियो । नियोग र खोज पत्रकारिता केन्द्रद्वारा संयुक्तरुपमा सञ्चालित उक्त तालिमका लागि एडीबीको बाह्य सम्बन्ध कार्यालयले वित्तीय सहयोग प्रदान गरेको थियो । चार दिन लामो उक्त तालिमले पानी तथा पानीसँग सम्बन्धित आयोजनाका जल्दाबल्दा मुद्दाहरूबारे पत्रकारहरूलाई जानकारी गराउनुका साथै समाचार संकलन तथा लेखन शैलीमा उनीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य लिएको थियो । नेपालका प्रमुख पत्रपत्रिकाका १७ जना पत्रकारहरूले तालिममा भाग लिएका थिए । ■

---

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

सन् २००४ को तेस्रो त्रैमासिकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए । त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ ।

- एडीबी र स्वास्थ्य सेवा विभागले वि.सं. २०६१ साल असोज २४ गते देशका प्रमुख अस्पतालहरूमा सिभ्यर एक्युट रेस्पिरेटरी सिन्ड्रोम (सार्स) को परिक्षण तथा हेरचाहका विधिहरूबारे संयुक्त तालिम आयोजना गरेको थियो । तालिमअन्तर्गत सार्सका लक्षणहरू, सर्ने माध्यम तथा गति, रोकथामका विधिहरू र उपचार समेटिएका थिए । तालिममा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, खानेपानी तथा ढल निकास विभाग, विश्व स्वास्थ्य संगठन तथा काठमाडौंका विभिन्न अस्पतालका प्रतिनिधिहरूले भाग लिएका थिए ।
- कार्यसम्पादनमा आधारित व्यवस्थापन सुदृढीकरणका लागि एडीबीको प्राविधिक सहायता तथा सामान्य प्रशासन मन्त्रालयको शासकीय सुधार एकाईले शासकीय सुधार कार्यक्रम तथा कार्यसम्पादन व्यवस्थापनको प्रगति समीक्षा गर्न २०६१ साल कात्तिक १२ गते संयुक्त कार्यशाला आयोजना गरेको थियो । मुख्य सचिव डा. बिमलप्रसाद कोइराला, सचिवहरू, शासकीय सुधार एकाईका सदस्यहरू तथा एडीबीका कर्मचारीहरूले कार्यशालामा भाग लिएका थिए ।
- शासकीय तथा भ्रष्टाचारविरुद्धका नीतिहरूको कार्यान्वयन समीक्षा गर्न एडीबी प्रधान कार्यालयले यही मंसिर १ देखि ३ गतेसम्म काठमाडौंमा तीनवटा परामर्श कार्यशालाहरू आयोजना गरेको थियो । कार्यशालामा विकास साझेदारहरू, सञ्चारकर्मी, नागरिक समाज तथा नेपाल आवासीय नियोगका कर्मचारीहरूले भाग लिएका थिए । कार्यशालाका सहभागीहरूले परिणाम तथा प्रस्तावित कार्यहरूको समीक्षा र मूल्यांकन गरेका थिए ।
- नेपाल आवासीय नियोगले यही पुस २ गते वर्ष भरीका काम कारवाही वारे छलफल गर्न पत्रकार सम्मेलन आयोजना गरेको थियो । उक्त अवसरमा नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले सन् २००४ मा नेपालमा सञ्चालित एडीबीका विभिन्न गतिविधि तथा नेपालको अल्पकालीन आर्थिक परिदृश्यबारे पत्रकारहरूलाई जानकारी गराउनुभएको थियो । नेपालको रणनीतिक विकास उद्देश्यहरू हासिल गर्न शान्ति तथा राजनीतिक स्थायित्वको आवश्यकतामाथि उहाँले जोड दिनुभएको थियो ।



**वर्षान्त समीक्षा : नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सन् २००४ मा एडीबीले सञ्चालन गरेका विभिन्न गतिविधिबारे पत्रकारहरूलाई जानकारी दिँदै ।**

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm


**एडीबी समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कानपा
काठमाडौं, नेपाल ।
फोन: (९७७-१) ४२२७ ७७९, ४२२७ ७८४, ४२२० ३०५
फ्याक्स: (९७७-१) ४२२५ ०६३
इमेल: adbnrm@adb.org
वेबसाइट: http://www.adb.org/NRM
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान